## श्री कालीका सामुदायिक वन उपभोक्ता समूह
### मोहन्याल गा.पा.२ पिपलसैनी, कैलाली

काठ दाउरा लिलाम विक्री सम्वन्धि विस्तृत विवरण सहितको सूचना ॥।

( सौर्य दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित मिति २०८०/०८/१४ )

कालीका सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादित काठ/दाउरा घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ती, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना **सौर्य दैनिक पत्रिकामा** दोस्रो पटक प्रकाशित मितिले १५ (पन्द्र) दिन भित्र सिलबन्धीको बोलपत्र खरीद गरी १६ ( सोह्रौं) दिनमा दाखिला गर्न आह्वान गरिन्छ ।

तपशिल

१.वन पैदावारको विवरण :-

| सि. नं. | लट नं./आ.व. | घाटगद्धी स्थान | जात | ग्रेड | थान | परिमाण क्यू.फी | न्यूनतम मुल्य प्रति क्यु.फिट रु. | संकलन खर्च प्रति क्यु.फिट |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८०/०८१ | सा.व.उ.स. कम्पाउण्ड | साल | ए | ३७ | ८८७.८६ | १०००। | २७०। |
| | | | | बि | ४४ | ९५९.१३ | ७००। | |
| | | | | सी | ७ | ७१.४३ | ५००। | |
| | | | | जम्मा | ८८ | १९१८.४२ | | |
| | | | असना | ए | १३ | ४७१.६१ | ३००। | २७० । |
| | | | | जम्मा | | ४६१.६१ | | |

### शर्तहरु

२. बोल पत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति : २०७९/ ०८ / २९ ख) समय : दिनको ३.०० बजे सम्म

३. बोलपत्रसाथ कबुल गरेको रकम १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको **श्री** सिटीजन बैंक खिमडी,कैलाली मा रहेको खाता नं.०७७०१०००००३७२०१ मा नगद जम्मा गरेको सक्कलै भौचर तथा मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी बोल पत्रका साथ समावेश हुनु पर्ने छ ।

४. बोलपत्र फराम प्रति लटको रु. १०००। पछि फिर्ता नहुने गरी यस सामुदायिक वन उपभोक्ता समुह, र डिभिजन वन कार्यालय पहलमानपुरबाट खरिद गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र कालीका सामुदायिक वन उपभोक्ता समुहको कम्पाउण्डमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपि, कर दर्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिवद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपिको वा स्थायी लेखा नम्बर ( पि.ए.एन.) दर्ता प्रमाण पत्रको प्रतिलिपि वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८०/०९ /०१ मा दिनको १: ०० बजे साक्षिहरुको रोहबरमा खोलिने छ ।

८.वोलपत्र खरिद गर्ने अन्तिम दिन वा वोलपत्र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा क्रमश: कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै बोल पत्र विक्री, दर्ता र खोल्ने कार्य हुनेछ ।

९.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०.वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवै लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

११. वोलपत्र सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ ।

ईति सम्वत् २०८० साल पौष महिना १४ गते रोज ५ मा शुभम्